# Press Note

मितिः २०७५।४।३१ गते

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडको आयोजनामा मिति २०७५।४।२२ देखि २०७५।४।२३ सम्म प्रदेश नं २ को चन्द्रनिगाहपुर रौतहटमा र मिति २०७५।४।२५ देखि २०७५।४।२६ सम्म बलिया मोरङ्गमा बजेट वितरण तथा वार्षिक समिक्षा गोष्ठी सम्पन्न भयो । रौतहट र मोरङ्गमा गरी दुई ठाउमा भएको उक्त वार्षिक समीक्षा तथा बजेट वितरण गोष्ठीमा  क्रमशः २२ र १६ गरी जम्मा ३८ जना शाखा प्रबन्धकहरू, प्रदेश प्रमुख सहित ३ जना अनुगमन अधिकृत तथा मुख्य कार्यालयबाट नायव प्रमुख कार्यकारी अधिकृत, मुख्य प्रबन्धक र २ जना प्रबन्धकहरू गरी ४५ जना कर्मचारीहरूको उपस्थिती रहेको थियो । कार्यक्रमको पहिलो दिन आ.व. ०७४/०७५ को वार्षिक समीक्षा र दोश्रो दिन ०७५/०७६ योजना तथा बजेट बारेमा छलफल भएको थियो । उक्त कार्यक्रममा आगामी बर्षको लक्ष्य प्राप्तीका लागि शाखा तथा प्रदेश कार्यालयले लिने रणनीति, नयां बजेट तथा समसामयिक बिषयका बारेमा उठेका जिज्ञासाहरूको जवाफ सहित मुख्य कार्यालयको आगामी रणनीतिका बारेमा समेत छलफल गरिएको थियो ।

